## १. परिचय

विश्व बैंकको सहयोगमा सञ्चालित दोश्रो उच्च शिक्षा परियोजना अन्तर्गत विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति अन्तर्गत सञ्चालित विद्यार्थी वित्तीय सहयोग कोष प्रशासन कार्यक्रमको प्रशासकको रुपमा राष्ट्रिय वाणिज्य बैंक लि. कार्यरत रहेको छ। यस कार्यक्रम अन्तर्गत आर्थिक रुपमा विपन्न विद्यार्थीहरूलाई उच्च माध्यमिक तह अध्ययनको लागि बढीमा रू. सोह्र हजार र स्नातक तह अध्ययनको लागि बढीमा रू. चालीस हजार सम्म राष्ट्रिय वाणिज्य बैंक मार्फत आर्थिक सहयोग उपलब्ध गराइने छ।

## २. कार्यक्रमको उद्देश्य

- आर्थिक सहयोगको निम्ति विद्यार्थीको छनौट गर्ने,
- छनौट भएका विद्यार्थीलाई आर्थिक सहयोग प्रदान गर्ने,
- कर्जा सुविधा उपलब्ध गराउने, र
- आवश्यकता अनुसार अध्ययन स्वआर्जनको लागि सहयोग पुऱ्याउने।

## ३. लाभान्वित विद्यार्थी संख्या

शैक्षिक सत्र २०६५/६६ र शैक्षिक सत्र २०६६/६७ मा मात्र विद्यार्थी छनौट कार्य गरिने छ। यस कार्यक्रम अवधिमा देशभरवाट उच्च माध्यामिक तह अध्ययनको लागि दुई हजार तीन सय जना र स्नातक तह अध्ययनका लागि एक हजार नौ सय जना गरी जम्मा चार हजार दुई सय जना विद्यार्थीहरूलाई आर्थिक सहयोग प्रदान गर्न छनौट गरिने छ।

## ४. विद्यार्थी छनौट प्रक्रिया

विद्यार्थीको छनौटका प्रक्रियामा निम्न चरणहरू अवलम्बन गरिने छन्:

चरण १: सचेतना कार्यक्रम सञ्चालन,

चरण २: फिल्ड संयोजकहरूको परिचालन,

चरण ३: स्थानीय स्तरमा प्रारम्भिक कार्य सञ्चालन,

चरण ४: स्थानीय स्तरमा परिचयात्मक कार्यक्रम सञ्चालन,

चरण ५: तोकिएका स्थानहरूमा निवेदन संकलन केन्द्र (बुथ) स्थापना र बुथवाट दरखास्त संकलन गरी फिल्ड संयोजकले केन्द्रमा पठाउने,

चरण ६: प्राप्त दरखास्त फारामको प्रोसेसिंग गरी छनौट भएका विद्यार्थीको प्रारम्भिक सूची प्रकाशन र अपिल संकलन,

चरण ७: विद्यार्थीले दरखास्त फाराममा भरेको विवरण सही भए या नभएको घरधुरी सर्भेक्षणबाट परीक्षण

चरण ८: अन्तिम छनौट भएका विद्यार्थीको नामवली सहित बैंकमा खाता खोल्ने सूचना प्रकाशन

## ५. आवेदनका लागि योग्य विद्यार्थीहरू

क. सामुदायिक विद्यालयमा कक्षा १० मा अध्ययनरत (उच्च मा.वि. तहमा अध्ययनका लागि) र सामुदायिक उच्च मा.वि. मा कक्षा १२ मा अध्ययनरत (स्नातक तहको अध्ययनको लागि),

ख. गरीब परिवारवाट आएका*,

ग. आगामी वर्ष आफू पढ्न चाहेको माथिल्लो तहमा भर्ना भई सो तह पूरा गर्न अभिव्यक्त प्रतिवद्धता,

दरखास्त फाराममा उल्लेखित विवरण अनुसार अङ्क प्रदान गरी सो को आधारमा छनौट गरिने हुँदा आफ्ना विवरणहरू केरमेट नगरी स्पष्टरुपमा भर्नुपर्नेछ। छनौट भएका विद्यार्थीको घरधुरी सर्वेक्षण गरी लेखिएको विवरण सही भए, नभएको पत्ता लगाइने छ। दरखास्त फाराममा गलत विवरण दिइएको जानकारी पाइएमा हालको कार्यक्रम र भविष्यमा नेपाल सरकारको विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिवाट सञ्चालित हुने कुनै पनि आर्थिक सहायता सम्वन्धी कार्यक्रममा संलग्न गराइने छैन।

*राष्ट्रिय जीवनस्तर सर्भेक्षण, २०६२, केन्द्रीय तथ्याङ्क विभाग वाट झिकिएका निम्न वस्तुगत र प्रमाणित गर्न सकिने गरीबी मापन सूचक (पीएमटी) का आधारमा विद्यार्थीको स्कोर निकाली गरीब विद्यार्थी छनौट गरीने छ।

| | |
|---|---|
| १. भित्ताको किसिम | २. भुँईको किसिम |
| ३. छानाको किसिम | ४. शौचालयको किसिम |
| ५. प्रकाशको व्यवस्था | ६. चूल्होको किसिम |
| ७. खानेपानीको श्रोत | ८. नजीकको बसस्टप सम्मको दुरी |
| ९. भाइबहिनीको संख्या | १०. निजी विद्यालयमा अध्ययनरत दिदीबहिनीहरूको संख्या |
| ११. आमा बाबुको शैक्षिक स्तर | १२. जाति/जनजाति |

## ६. दरखास्त फाराम पाइने स्थान

दरखास्त फारामहरू जिल्ला शिक्षा कार्यालय र तोकिएको बुथमा उपलब्ध गराइने छ। उक्त फाराम **www.rbb.com.np** वा **www.sfafdb.edu.np** को वेभसाइटवाट समेत डाउनलोड गर्न सकिने छ।

## ७. दरखास्त फाराम भर्दा र बुझाउँदा ध्यान दिनु पर्ने कुराहरू

क. दिइएका निर्देशनहरू राम्रो सँग अध्ययन गर्ने,

ख. आफ्नो परिवार, अभिभावकसँग छलफल समेत गरी आफू योग्य भए नभएको एकीन गर्ने,

ग. दरखास्त फाराममा अभिभावकको हस्ताक्षर गराउने,

घ. आफू अध्ययनरत विद्यालयमा रू. दश (सहित सिफारिशका लागि दरखास्त फाराम पेश गर्ने,

## ८. प्रारम्भिक छनौट

प्राप्त दरखास्त फारामको प्रारम्भिक छनौट गरी सो मा परेका विद्यार्थीको जानकारी जिल्ला शिक्षा कार्यालय वा राष्ट्रिय वाणिज्य बैंक लि.को शाखा कार्यालय वाट प्राप्त हुनेछ। छनौटमा नपरेका विद्यार्थीले आफूलाई छनौटमा पर्नु पर्ने उचित आधार लागेमा तोकिएको स्थानमार्फत पूनर्निरीक्षणका लागि कारण खुलाई रू. तीन सय तिरी जिल्ला शिक्षा कार्यालयमा दरखास्त दिन सक्नेछन्।

## ९. अन्तिम छनौट

एस.एल.सी. तथा उच्च माध्यमिक शिक्षाको नतीजा र परीक्षणको नतीजासँग तुलना गरी पीएमटी वेलफेयर स्कोरका आधारमा योग्य विद्यार्थीको अन्तिम सूची प्रकाशित गरिने छ।

## १०. आर्थिक सहायताका लागि विद्यार्थीको योग्यता

क. छनौटको अन्तिम सूचीमा परेका विद्यार्थी,

ख. उच्च माध्यमिक तह/स्नातक तहमा अध्ययनरत,

ग. राष्ट्रिय वाणिज्य बैंक लि. नभएको जिल्लाको हकमा तोकिएको बैंकमा खाता खोलेको प्रमाण,

घ. प्रशासकवाट तोकिएका अन्य शर्तहरू पुरा गरेको,

## ११. अध्ययन स्वःआर्जनको लागि सहयोग कार्यक्रम

घर छोडी उच्च माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरू र स्नातक तहका विद्यार्थीहरूका लागि अध्ययन स्व:आर्जन कार्यक्रम रहेको छ ।

## १२. कर्जा सुविधा

कार्यक्रम अन्तर्गत प्रदान गरिने आर्थिक सहायता र अध्ययन (स्वआर्जनबाट उपलब्ध/आर्जित रकम समेतले पनि अध्ययन गर्दा लाग्ने खर्च नपुग भएमा स्नातक तहका विद्यार्थीका लागि बढीमा रू. दश हजार सम्म कर्जा सुविधा समेत प्रदान गर्न सकिने कार्यक्रम रहेको छ ।

## सहयोगको लागि अनुरोध

क. सामुदायिक माध्यमिक विद्यालय र उच्च माध्यमिक विद्यालय : (अ) विद्यार्थी छनौटका लागि दरखास्त फाराम भर्न जानकारी उपलब्ध गराउन, (आ) दरखास्त फाराम उपलब्ध गराउन, (इ) फाराम भर्न सहयोग पुर्‍याउन, (ई) सिफारिस सहित दरखास्त फाराम जिल्ला शिक्षा कार्यालय वा तोकिएको दरखास्त संकलन केन्द्र (वुथ)मा बुझाउन र (उ) छनौटमा परेका विद्यार्थीको सूची जिल्ला शिक्षा कार्यालयमार्फत प्राप्त गरी विद्यार्थीहरूलाई सूचित गराउनुहुन अनुरोध छ ।

सामुदायिक उच्चमाध्यमिक विद्यालयको हकमा कार्यक्रममा छनौट भइ आउने विद्यार्थीलाई भर्ना गर्न र उक्त विद्यार्थीहरूको अनुगमन गर्न सहयोगको लागि अनुरोध छ ।

ख. क्याम्पस : (अ) कार्यक्रममा छनौट भइ स्नातक तहमा अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई भर्ना र अनुगमन, अध्ययन स्वआर्जन कार्यक्रम र कर्जा सुविधा उपलब्ध गराउने कार्य गराउन र (आ) कर्जा सुविधा लिने विद्यार्थीको हकमा सम्बन्धित बैंक शाखा सँग समन्वय गरी कर्जा चुक्ता नभएसम्म सम्बन्धित विद्यार्थीको शैक्षिक प्रमाणपत्र (लब्धाङ्कपत्र समेत) रोक्का गर्न समेत अनुरोध छ ।

ग. गा.वि.स. तथा नगरपालिका: कार्यक्रम अन्तर्गत बुथ सेन्टर तोकिएमा सो को स्थापना र सञ्चालन गर्न र कार्यक्रमका बारेमा जानकारी तथा सुचना प्रदान गरी सहयोग गर्न अनुरोध छ ।

घ. जिल्ला शिक्षा कार्यालय: कार्यक्रमका बारेमा प्रचार प्रसार गर्न, बुथको पहिचान र सञ्चालनमा सहयोग गर्न, दरखास्त फारामहरू वितरण तथा संकलन गराउन र खटी आउने फिल्ड संयोजकलाई दरखास्त फाराम उपलब्ध गराई सहयोग गरी दिनु हुन अनुरोध छ ।

कार्यक्रमको वारेमा थप जानकारी चाहिएमा निम्न ठेगानामा सम्पर्क गर्न सकिने छ ।

### विद्यार्थी वित्तीय सहयोग कोष परियोजना
**केन्द्रीय सम्पर्क कार्यालय**

जमल, काठमाण्डौ
पो.व.नं : २५४१४
फोन : ०१-६२२७७९३,४२५३१७२,
मोवाइल : ९८४१९२२४६२/९७४११७८००२
इमेल : ridanepal@yahoo.com
mahendra.shrestha@devtec.com.np
वेभ : www.ridanepal.com, www.devtecnepal.com

वा

### राष्ट्रिय वाणिज्य बैंक लि.
**केन्द्रीय कार्यालय**
**शैक्षिक सहयोग परियोजना**

सिंहदरवार प्लाजा, काठमाण्डौ ।
फोन नं. ०१-४२५२५९५ Ext. १७६१
इमेल : eaph274@rbb.com.np
वेभ : www.rbb.com.np

# विद्यार्थी वित्तीय सहयोग कोष प्रशासन कार्यक्रम

**Student Financial Assistance Fund Administration Program**



विद्यार्थी वित्तीय सहयोग कोष प्रशासन कार्यक्रम
राष्ट्रिय वाणिज्य बैंक. लि., केन्द्रीय कार्यालय
शैक्षिक सहयोग परियोजना
सिंहदरवार प्लाजा, काठमाडौं ।

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK

**विद्यार्थी वित्तीय सहयोग**
कोष विकास समिति

राष्ट्रिय वाणिज्य बैंक लि.
कोष प्रशासक